जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २५२ २०८० साल बैशाख २८ गते बिहीबार (11 May 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'भ्रष्टारीलाई जोगाउन... ३ पृष्ठमा : पुनःस्थापनाको माग गर्दै ... ३ पृष्ठमा : पाकिस्तानको पञ्जाबमा पूर्व ...

## बजेटमा हरवा चरवाको समस्यालाई प्राथमिकतामा राख्न माग






**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

हरवा चरवाका लागि आगामी आर्थिक बर्षको बजेटमा विशेष सहुलियत ब्यवस्था हुनुपर्ने माग गरिएको छ ।

जनचेतना दलित संगम सप्तरीले बुधबार राजविराजमा आयोजना गरेको "राज्यद्वारा प्रदान गरिने सेवा सुविधामा हरवा चरवा र दलितको पहुँच" विषयक विचार गोष्ठिमा बोल्दै उनीहरुले सो माग गरेका हुन् ।

राष्ट्रिय हरवा चरवा मञ्चका अध्यक्ष दशन मण्डलले तीन पुस्तासम्म गिरहत कहाँ बसेर काम गर्दा पनि ऋणबाट मुक्त हुन नसकेको र ९ महिनाअघि सरकारले गरेको वाचा अहिलेसम्म पुरा नगर्दा हरवा चरवाको जिवन थप कष्टकर बन्दै गएको बताए ।

दलित अगुवा चन्देश्वरीदेवी सदाले सरकारले ध्यान नदिदा हरवा चरवाहरु गरिबी र ऋणको दुस्चक्रमा फस्दै गएको बताइन् । राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य शिवकुमार पासवानले मुलुकमा आएको परिवर्तनले पनि आफुहरु जस्ता विपन्नलाई छुन नसकेको भन्दै अधिकांश करवा चरवाहरु भूमिहीन अवस्थामा रहेको पीडा ब्यक्त गरे ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेशसभा सदस्य गोबिन्द न्यौपाने, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, राष्ट्रिय भूमि आयोग सप्तरीका अध्यक्ष हरेराम यादवले पनि बोल्दै आफूहरु हरवा चरवाको समस्या बारे पूर्ण जानकार रहेको बताए । उनीहरुले हरवा चरवाको समस्या समाधानका लागि आ-आफ्नो स्थानबाट सक्दो सहयोग र पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष दशन मण्डल, महासचिव लागेन्द्र सदा, हरवा चरवा मञ्चका जिल्ला अध्यक्ष गंगाराम, राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष शिवकुमार पासवान, कानुन ब्यवसायी केशरलाल खंग, जनचेतना दलित संगमका अध्यक्ष रामलखन राम, कार्यकारी निर्देशक इन्द्र प्रसाद राम, दलित अगुवा शोभितलाल राम, चन्देश्वरी देवी सदा लगायतले कार्यक्रममा बोल्दै पुस्तौदेखी गरिबीमा पिल्सिएको तथा एलानी जग्गामा बासेवास गर्दै आएका हरवा चरवा कुनै बेला पनि उठिवास हुन सक्ने चिन्ता र त्रासमा बाचिरहेपनि सरकारले अहिलेसम्म आश्वासन बाहेक केही नदिएको गुनासो पोखे ।

कार्यक्रममा दलित अगुवा एवं पत्रकार मणिलाल विश्वकर्माले हरवा चरवाको समस्या समाधान तथा हकअधिकारका लागि तयार पारिएको माग र भावी आन्दोलन कार्यक्रमसहितको कार्ययोजना पत्र प्रस्तुत गरेका थिए । कार्ययोजना पत्रमा आगामी आर्थिक बर्ष २०८०/८१ को नीति कार्यक्रम र बजेटमा हरवा चरवाको पक्षमा विशेष कार्यक्रम ल्याउन प्रमुखताका साथ सरकारसँग माग गरिएको छ ।

## आगलागिमा गाईगोठ नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

सप्तरीको बलानबिहुल गाउँपालिका ४ पासवान टोलमा आगलागि भएको छ ।

स्थानिय दिनेश ठाकुरको गाईगोठ र परालको टालमा अचानक आगलागि हुँदा ३५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै आगलागिमा उनको अर्को एक घरमा आंशिक क्षति भएको तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानियबासिहरु सहयोगमा आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## अनुसन्धानका लागि पूर्वगृहमन्त्री खाणलाई परिसर ल्याइयो

काठमाडौं, २७ वैशाख (रासस) ।

नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानका लागि नेपाली कांग्रेसका नेता एवम पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई बुधबार जिल्ला प्रहरी परिसर काठमाडौं ल्याइएको छ ।

उक्त घटनाको अनुसन्धानका लागि खाणलाई उहाँकै निवासबाट नियन्त्रणमा लिएर परिसर ल्याइएको प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

यो सँगै उक्त घटनामा आरोपित ११ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ । यसअघि मङ्गलबार काठमाडौंको टोखाका रामशरण केसी र मोरङका गोविन्द चौधरीलाई समेत प्रहरीले पक्राउ गरेको थियो ।

त्यसअघि प्रहरीले पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भन्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई पनि पक्राउ गरिसकेको छ ।

उक्त घटनामा आरोपित नेकपा (एमाले) का सचिव टोपबहादुर रायमाझीलाई भने

*बाँकी तीन पृष्ठमा*

## मामा घर आएकी बालिकाले मुसा मार्ने विषादी सेवन गरेर गरिन् आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

मामा घर आएकी एक बालिकाले मंगलबार मुसा मार्ने विषादी सेवन गरेर आत्महत्या गरेकी छिन् । सप्तरीको महादेवा गाउँपालिका ३ बलिया बथनाहाकी १३ वर्षिया बालिका प्रिति कुमारी यादवले विषादी सेवन गरेर आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

विषादी सेवनबाट गम्भिर बिरामी परेकी उनको उपचारको क्रममा बुधबार धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सप्तरीकै तिरहुत गाउँपालिका ४ डिमनमा मामा घर आएको बेला उनले मुसा मार्न प्रयोग गरिने विषादी सेवन गरेकी थिइन् । विषादी सेवन पश्चात् सिकिस्त भएकी उनलाई सुरुमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन ।

यो सँगै जिल्लामा तीन महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ३१ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ९० पुगेको छ । गत आ.ब. २०७८/७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्ले देखाएको छ ।

यता आत्महत्याको दर बढ्ने क्रम जारी रहदा स्थानीय समाज र प्रशासनले विभिन्न प्रयास थालेपनि न्यूनिकरण हुन भने सकेको छैन । प्रहरीले विगत तीन महिना यता आत्महत्या घट्ना न्युनिकरणका लागी विभिन्न पालिकामा सचेतना अभियान नै चलाएको छ । तर, पनि आत्महत्याका घटना दिनहुँजसो हुन थालेपछि यो विषय सबैको लागी टाउको दुखाई बनेको छ ।

विभिन्न घरायसी समस्या, श्रीमान श्रीमतीबीच वादविवाद, ऋणमा डुबेको, प्रेममा असफल,

*बाँकी तीन पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### सडक निर्माणमा अवरोध नगरौं

सडक निर्माणका कार्यहरुमा अहिले ढिलाई भइरहेको छ । सप्तरी विगत पाँच वर्षदेखी विभिन्न सडकहरुको निर्माण कार्य भइरहेको छ । हुलाकी सडकलाई मधेशको लाइफलाइन भन्ने गरिन्छ । तर, यो सडक निर्माण कार्यले जसरी तिब्रता पाएको थियो त्यसरी पूर्णरुपले निर्माण हुन सकिरहेको छैन् । जिल्लामा पर्ने अधिकांश हुलाकी सडकको निर्माण कार्य लभभग अन्तिम चरणमा रहेको छ । तर, केही यस्ता स्थान छन् जसमा सुरुदेखी नै विवाद रहिआएको छ । सोही विवादका कारण सडक निर्माण कार्यले पूर्णता पाउन सकिरहेको छैन् ।

राजविराजस्थित राममन्दिरदेखी खर्सालको पुलसम्म उक्त सडक केही व्यक्तिका कारण सुरु हुन सकेको छैन् । बजार क्षेत्रमा पर्ने उक्त सडकखण्ड निर्माणका लागि जग्गाधनीले घरहरु भत्काउन नमानेकाले समस्या बल्झिएको छ । यो समस्या हुलाकी सडक निर्माण कार्य हुनेबित्तिकै सुरु भएको हो । विवाद सुरुभएपछि अदालतसम्म पुग्यो । धेरै पटक सर्वपक्षिय, सर्वदलिय बैठक पनि बस्यो तर समस्या ज्युको त्यु छ । यस्तै राजविराज रुपनी मोडदेखी राइसमिलसम्मको अवस्था पनि त्यही छ । सो सडक खण्डमा पनि सम्बन्धित निकायले कार्यलाई अगाडी बढाउन सकिरहेको छैन् । त्यहा पनि सडकलाई चाहिने जतिको जग्गा जग्गाधनीले खाली गर्न नमानेकोले कार्य अगाडी बढ्न सकिरहेको छैन् । यसरी स्थानिय तह अन्तरगतका वडाहरुले पनि बारम्बार सूचना जारि गर्दा पनि कुनै समाधानका उपाय निस्कन सकेको छैन् ।

यसरी सदरमुकाम राजविराजका केही स्थानहरुमा सडक निर्माणका कार्यमा अवरोध उत्पन्न भइरहेको बेला त्यसलाई कसरी अगाडी बढाउने बारे सम्बन्धीत निकायले पहल थाल्नु आवश्यक छ । सडक भनेको एउटा व्यक्तिको नभएर सम्पूर्ण जनताका लागि हो । यसले एक्लो मानिसलाई नभएर सबैलाई फाइदा पुग्ने हो । तसर्थ यही कुरालाई मनन गरेर अवरोध भएका हुलाकी सडकको कार्यलाई अगाडी बढाएर सम्पन्न गर्नेतर्फ सबैको सहयोग अपिहार्य छ । अनिमात्र नगर र जिल्लाको विकास हुने कुरामा दुईमत नहोला ।

# ‘भ्रष्टारीलाई जोगाउन दौडधुप नगरौं’

काठमाडौं, २७ वैशाख (रासस) । सांसदहरूले भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतालाई पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने माग गर्नुभएको छ । सङ्घीय संसद्, प्रतिनिधिको बुधबारको बैठकको शून्य समयमा सांसद विमला सुवेदीले भन्नुभयो, “म भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ भन्ने नारा सस्तो लोकप्रियताका लागि र जनताको आँखामा छारो हाल्नका लागि मात्रै होइन, कडाइपूर्वक कार्यान्वयन गर्न हो, भ्रष्टाचारीलाई जोगाउन दौडधुप नगरौं ।”

सांसद बुद्धिमान तामाङले धादिङ जिल्लाभित्र रहेका विभिन्न सडक निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद भगवती चौधरीले सुनसरी जिल्लाका विभिन्न स्थानमा आगलागी हुँदा घर जलेर नष्ट भएको अवस्थामा सरकारले क्षतिपूर्ति र राहतको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

सांसद भीमप्रसाद आचार्यले सुनसरी जिल्लामा भन्सार कार्यालय स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । सांसद मनबहादुर गुरुङले पोखरामा रहेका तालहरूको विकास र संरक्षण गरिनुपर्नेमा जोड दिनुभयो । सांसद महेन्द्रबहादुर शाहीले कालीकोट जिल्लामा कर कार्यालय स्थापना हुनुपर्छ भन्नुभयो ।

सांसदहरू महेशकुमार बर्तौला, माधवप्रसाद सापकोटा, मानवीर राई, मेटमणि चौधरी, मेनकाकुमारी पोखरेल, रेखा यादव, रोशन कार्की, लीलानाथ श्रेष्ठ, लेखनाथ दाहाल, रघुजी पन्त, मैना कार्की, मङ्गलप्रसाद गुप्ता, मञ्जुशर्मा अन्सारी, रणकुमारी बलमपाकी मगर, रणेन्द्र बराली, रामहरि खतिवडा, रुक्मणि राना बराइली, रुपासोनी चौधरी, रञ्जुकुमारी झा, रमा कोइराला पौडेल, राजु थापा, राजेन्द्रकुमार राई, राजेन्द्र बजगाईं, रामकुमार राई, रामकृष्ण यादव, रामनाथ अधिकारी, रामशङ्कर यादव र महेश बस्नेतलगायतले भ्रष्टाचार, महँगी, सुरक्षालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

बिहान ११ बजे बस्ने भनिएको बैठक राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरूको अवरोधका कारण १५ मिनेटका लागि स्थगित गरिएको थियो । कार्यतालिकाअनुसार बुधबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर र प्रस्तावबाहेक) माथि छलफल हुने र अर्थमन्त्री डा प्रकाशशरण महतले छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुने छ ।

# पूर्वगृहमन्त्री खाँणका स्वकीय सचिव केसी पक्राउ

काठमाडौं, २७ वैशाख (रासस) । नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नाममा ठगी गरेको आरोपमा पूर्वगृहमन्त्री बालकृष्ण खाँणका स्वकीय सचिव नरेन्द्र केसी पक्राउ पर्नुभएको छ । प्रहरीले उहाँलाई बुधबार बिहान जडीबुटीबाट पक्राउ गरेको काठमाडौं जिल्ला प्रहरी परिसरका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो

यसैगरी सोही घटनाको अनुसन्धानका लागि पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई पनि प्रहरीले चुच्चेपाटीस्थित उहाँकै निवासबाट बुधबारै नियन्त्रणमा लिएको थियो । नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नाममा ठगी गरेको आरोपमा पक्राउ पर्नेको सङ्ख्या १२ पुगेको प्रहरीले जनाएको छ । यसअघि प्रहरीले पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई पक्राउ गरिसकेको छ ।

उक्त घटनाका अर्का आरोपित नेकपा (एमाले) का सचिव तथा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी भने फरार रहनुभएकाले प्रहरीले खोजी गरिरहेको जनाएको छ । जिल्ला प्रहरी परिसरले उहाँविरुद्ध सङ्गठित अपराधमा अनुसन्धान गरिरहेको छ । उक्त घटनामा हालसम्म एक सय छ जनाले २० वटा जाहेरी दिइसकेको बताइएको छ । उक्त घटनाका पीडितहरूले कूल रु २३ करोड २५ लाख ठगी भएको जाहेरीमा उल्लेख गरेका छन् ।

# शरणार्थी प्रकरणका दोषी कोही पनि नछुटून् : गगन थापा

काठमाडौं, २७ वैशाख (रासस) । सांसद गगनकुमार थापाले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न जो सुकैलाई कडा कारबाही हुनुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०८०/८१ को सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै उहाँले सो प्रकरणमा संलग्न व्यक्ति जुनसुकै दल र ओहोदाको भए पनि कारबाहीको दायरामा आउनुपर्ने बताउनुभयो ।

बजारको हल्ला र राजनीतिक भेटघाटबाट अनुसन्धान प्रभावित नहोस् भन्दै उहाँले भन्नुभयो, “अनुसन्धान कहीँकतैबाट प्रभावित नहोस्, निष्पक्ष र स्वतन्त्र होस्, निर्दोष कोही पनि नपरोस्, तर दोषी छ भने नेता होस् कि नाता होस् एउटा पनि नछुटोस् ।”

नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारले दह्रोसँग खुट्टा टेक्यो भने मात्र सुशासनको नारा लगाउन सक्ने उहाँको भनाइ छ । अहिलेको अनुसन्धान प्रक्रियालाई सबैले गहिरोसँग हेरेको जनाउँदै उहाँले अनुसन्धान निष्पक्ष र स्वतन्त्र भइरहेको छ भन्ने नागरिकलाई विश्वास हुनुपर्ने बताउनुभयो ।

सांसद थापाले नेपालको अर्थतन्त्रको संरचनात्मक समस्याका कारण केही शिथिलता देखिएको उल्लेख गर्दै राजनीतिक दलले कमजोरी गर्दा अर्थतन्त्र आजको अवस्थामा पुगेको बताउनुभयो ।

“कतिपय नीतिहरू सही भएका छैनन्, केही ठीक काम पनि भएका छन्, ठीक काम गरेकोमा गौरव गरौं, त्यसको स्वामित्व लिऊ, गलत केही भएका छन् भने त्यसलाई स्वीकर गरौं र सच्याऔं”, उहाँले भन्नुभयो ।

सबैबाट कहीं न कहीं कामजोरी भएको छ भनेर कठोर कदम उठाउनुपर्नेमा जोड दिँदै उहाँले आगामी वर्षको बजेटबाट जनतामा विश्वास कायम गर्न सुझाव दिनुभयो ।

“सरकारले सुशासन ल्याउँदै छ भन्ने स्थापित गर्न सक्यौं भने राजनीतिक पुँजी बढ्छ । राजनीतिक पुँजी बढ्यो भने अर्को वर्ष दह्रोसँग कदम चाल्न सकिन्छ र संरचनात्मक समस्या हल गर्ने बाटोमा जान सकिन्छ”, उहाँले भन्नुभयो ।

बजेटमा व्यवस्था भएका विषय कार्यान्वयन नहुँदा बजेटले लिएको उद्देश्य पुरा हुन नसकेको उहाँले बताउनुभयो । सांसद थापाले बजेट प्रस्तुत गर्नुभन्दा केही महिना अगाडि नै बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल गर्ने गरी बजेट कार्यतालिका बनाउनुपर्ने बताउनुभयो ।

# टोपबहादुर रायमाझी निलम्बित

काठमाडौं, २७ वैशाख (रासस) । नेकपा(एमाले)ले पार्टी सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गरेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा सहयोग पुऱ्याउनका लागि अनसन्धान र कानुनी कारबाहीको अन्तिम टुङ्गो नलागेसम्म उहाँलाई पदबाट निलम्बन गरिएको महासचिव शङ्कर पोखरेलद्वारा जारी प्रेस वक्तव्यमार्फत जानकारी दिइएको छ ।

उक्त प्रकरणमा सचिव रायमाझीलाई अनुसन्धानका लागि पक्राउ पुर्जी जारी गरिएको विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदै महासचिव पोखरेलले भन्नुभएको छ, “हामी विधिको शासनमा विश्वास गर्दछौं ।” पक्राउ पुर्जी जारी हुनासाथ राज्यका अनुसन्धान निकायमा उपस्थिति भएर विधिवतरूपमा आफ्नो यथार्थ स्पष्ट पार्न भनिएका पार्टी नेतृत्वलाई दिएको विश्वास विपरीत उहाँ सम्बन्धित निकायमा उपस्थित नभएको विषयलाई पार्टीले गम्भीरतापूर्वक लिँदै अविलम्बन सम्बन्धित निकायमा उपस्थित भई अनुसन्धानमा सहयोग गर्न निर्देशन गरेको जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पुनःस्थापनाको माग गर्दै ३२ स्थानीय तहलाई ज्ञापनपत्र

जनकपुरधाम, २६ वैशाख (रासस)। मधेश प्रदेशका मुक्त हरवाचरवाले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा पुनःस्थापनाका कार्यक्रम समेट्नुपर्ने मागसहित ३२ वटा स्थानीय तहलाई ज्ञापनपत्र बुझाएका छन्।

मुक्त हरवाचरवा बाहुल्य प्रदेशका आठ जिल्लाका ३२ स्थानीय तहलाई जनदबाबस्वरुप ज्ञापनपत्र बुझाइएको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डलले जानकारी दिनुभयो। राष्ट्रिय दलित नेटवर्क, नेपालको सहजीकरण, स्थानीय साझेदार संस्थाको संयोजन र ३२ वटा पालिकमाा गठित मञ्चका स्थानीय समितिको अगुवाइमा ज्ञापनपत्र बुझाइएको हो।

चार दिनसम्म चलेको अभियानअन्तर्गत पहिलो दिन वैशाख २४ गते पर्साको पकाहमैनपुर गाउँपालिका, बाराको कोल्हवी नगरपालिका, रौतहटको चन्द्रपुर नगरपालिका, सर्लाहीको चन्द्रनगर गाउँपालिका, धनुषाको शहीद नगरपालिकामा ज्ञापनपत्र बुझाइएको थियो।

त्यसैगरी वैशाख २५ गते पर्साको बहुदरमाई नगरपालिका, बाराको बारागढी गाउँपालिका, रौतहटको वृन्दावन नगरपालिका, सर्लाहीको ब्रह्मपुरी गाउँपालिका, महोत्तरीको भङ्गाहा नगरपालिका र लोहरपट्टी गाउँपालिका, धनुषाको विदेह नगरपालिका, सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका, सप्तरीको कञ्चनरुप नगरपालिका र खडक नगरपालिकामा ज्ञापनपत्र बुझाइएको थियो।

साथै वैशाख २६ गते पर्साको पर्सागढी नगरपालिका, बाराको जीतपुरसिमरा उपहानगरपालिका, रौतहटको गरुडा नगरपालिका, सर्लाहीको ईश्वरपुर नगरपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, धनुषाको गणेशमान चारनाथ नगरपालिका, सिराहाको बरियारपट्टी गाउँपालिका र सप्तरीको शम्भुनाथ नगरपालिकामा र बुधबार पर्साको वीरगञ्ज महानगरपालिका, रौतहटको माधवनारायण नगरपालिका, सर्लाहीको हरिपुर नगरपालिका, महोत्तरीको मटिहानी नगरपालिका, धनुषाको धनौजी गाउँपालिका, सिराहाको लहान र धनगढीमाई नगरपालिका तथा सप्तरीको सुरुङ्गा नगरपालिकामा ज्ञापनपत्र बुझाउने काम सम्पन्न भएको राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीले जानकारी दिनुभयो।

ज्ञापनपत्रमा सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीय सरकारले मुक्त हरवाचरवाको वास्तविक तथ्याङ्क सङ्कलन गरी वर्गीकृत परिचयपत्र प्रदान गरिनुपर्ने, मुक्त हरवाचरवाको शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकार सुनिश्चित, लैङ्गिक भेदभावबिना सबैलाई सामान र उचित ज्याला सुनिश्चित गरिनुपर्ने र मुक्त घाषितमुक्त हरवाचरवाको सम्पूर्ण शान्ति सुरक्षाको व्यवस्था गरिनुपर्ने माग उल्लेख समेटिएका छन्।

सरकारले कमैया श्रम निषेध ऐन २०५८ अनुसार गत वर्ष साउन २ गते हरवाचरवाको ऋण र कागजात खारेजी गरिने प्रतिबद्धतासहित मुक्तिको घोषणा गरेको थियो।

# शरणार्थी प्रकरण : तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न प्रहरीको अनुरोध

काठमाडौँ, २७ वैशाख (रासस)। भूटानी शरणार्थी प्रकरणका विषयमा तथ्य र प्रमाणका आधारमा समाचार सम्प्रेषण गर्न नेपाल प्रहरीले सञ्चारमाध्यामसँग अनुरोध गरेको छ।

कतिपय अनलाइन, छापा मिडिया तथा विभिन्न सामाजिक सञ्जालमा प्रहरीबाट अनुसन्धानका क्रममा रहेको भूटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपालीहरूलाई ठगी गरी सङ्गठित अपराध गरेको घटनाको विषयमा गलत, मनोगत र अनुमानमा आधारित भ्रमपूर्ण समाचार सम्प्रेषण भएको भन्दै नेपाल प्रहरीले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

प्रहरी प्रधान कार्यालयले बुधबार एक विज्ञप्ति जारी गरी यस्ता तथ्यहीन तथा भ्रामक समाचारबाट जनमानसमा गलत सूचना प्रवाह हुन जाने र मुद्दाको अनुसन्धानमा समेत नकारात्मक प्रभाव पार्नसक्ने भएकाले तथ्यमा आधारित रहेर सूचना सम्प्रेषण गर्न, गराउन अनुरोध गरेको हो।

प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीद्वारा जारी विप्तिमा भनिएको छ, 'तथ्यमा आधारित र वस्तुगत प्रमाणमा आधारित रहेर अनुसन्धानलाई सारभूतरूपमा निष्कर्षमा पुऱ्याउन नेपाल प्रहरी प्रतिबद्ध छ।'

सही, सत्य र तथ्यमा आधारित सूचना र समाचार सम्प्रेषण गरी नेपाल प्रहरीलाई अनुसन्धान कार्यमा सहयोग गर्न पनि अनुरोध गरिएको छ।

# चैतसम्म रु नौ खर्ब रेमिटचान्स भित्रियो

काठमाडौँ, २७ वैशाख (रासस)। चालु आर्थिक वर्ष २०७९/८० को नौ महिनामा विप्रेषण आप्रवाहमा उल्लेख्य सुधार देखिएको छ।

नेपाल राष्ट्र बैंकका अनुसार चैत मसान्तसम्ममा विप्रेषण आप्रवाह २४ दशमलव २ प्रतिशतले बढेर रू नौ खर्ब तीन अर्ब ३९ करोड पुगेको हो। गत आर्थिक वर्षको सोही अवधिमा रेमिटचान्स शून्य दशमलव दुई प्रतिशतले घटेको थियो।

गत चैत सम्ममा नेपालले प्राप्त गरेको विप्रेषण अमेरिकी डलर ६ अर्ब ९२ करोड बराबर हो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह वृद्धिदर १३ दशमलव ९ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ५१ दशमलव ५ प्रतिशतले बढेर ३ तीन लाख ८७ हजार आठ सय ३९ पुगेको छ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या यो अवधिमा पाँच दशमलव पाँच प्रतिशतले बढेर दुई लाख १७ हजार नौ सय ५९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १९९ दशमलव ९ प्रतिशतले बढेको थियो।

लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर र प्रस्तावबाहेक) माथि छलफल हुने र अर्थमन्त्री डा प्रकाशशरण महतले छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुने छ।

### *अनुसन्धानका...*

प्रहरीले खोजी गरिरहेको छ। जिल्ला प्रहरी परिसरले उनीविरुद्ध सङ्गठित अपराधमा अनुसन्धान गरिरहेको छ। उक्त घटनामा हालसम्म एक सय छ जनाले २० जाहेरी दिएका छन्। उनीहरूले कुल रु २३ करोड २५ लाख ठगी भएको भनी प्रहरीमा जाहेरी दिएका छन्।

### *मामा...*

व्यापार घाटा, बेरोजगारी लगायत अन्य विभिन्न समस्यासँग संघर्ष गर्न नसकि बाध्य भई आत्महत्याको बाटो रोज्नु परेको प्रहरीको तथ्याङ्कले देखाएको छ।


"राजविराज शहर, समृद्ध-हरित नगर"

**राजविराज नगरपालिका**
**२ नं. वडा कार्यालय**
**राजविराज, सप्तरी,**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या: २०७९/८०
चलानी नं: ८४८
मिति: २०८०/०१/२७

विषय :- सूचना सूचना सूचना

**वडा कार्यालय रा.वि.न.पा वार्ड नं. २ बाट जारी भएको सूचना**

उपरोक्त समवन्धमा जिल्ला सप्तरी गा.वि.स. मलेठ वडा नं. ९ हाल बसाई सराई गरी रा.वि.न.पा वार्ड नं. २ बस्ने स्व. रामजान आलम को बुहारी मो. जब्बार आलमको पत्नी जमिला खातुन द्वारा माग भए अनुसार मेरो पति जब्बार आलम आ-आफ्नो कालगतिले मिति २०७७/८/२९ गते मृत्यु भएको हुदा मेरो पति स्व जब्बार आलमको नाउमा कायम रहेको जग्गा म निवेदीका जमिला खातुको नाउंमा तपसिलमा उल्लेख भएको जग्गा नामसारी दर्ता गर्न सिफारीस गरी पाउं भनि मिति २०८०/०१/२४ द.नं. २५४ को निवदन द्वारा माग गरीएको हुदा सो जग्गामा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नको लागी यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस कार्यालयमा निवेदन दिन आउन् होला। अन्यथा कानून बमोजीम भई जाने व्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल

**जि.स. गा.वि.स. मलेठ वडा नं. ९ हाल रा.वि.न.पा वार्ड नं. २ बस्ने जब्बार आलम को नाउंमा कायम रहेको जग्गा**

| जिल्ला | गा.वि.स. /न.पा | वार्ड नं. | सा.कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ | ७०६ | ०-०-५ |

(अरुण कुमार [illegible])
वडा अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २


## विश्व समाचार

# पाकिस्तानको पञ्जाबमा पूर्व प्रधानमन्त्री खान पक्षधरको प्रदर्शन, करिब एक हजार पक्राउ

लाहोर, पाकिस्तान, २७ वैशाख (रासस/एएफपी)।

पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको गिरफ्तारीपछि सुरु भएको प्रदर्शनका कारण पाकिस्तानको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रान्त पञ्जाबमा करिब एक हजार व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले बुधबार जनाएको छ।

"प्रहरी टोलीले प्रान्तभरिबाट ९४५ 'कानून उल्लङ्घन कर्ता र उपद्रवी'हरूलाई पक्राउ गरेको छ," अधिकारीहरूले सञ्चारमाध्यमलाई दिएको जानकारीमा उल्लेख गरिएको छ। प्राप्त जानकारी अनुसार खानलाई गरेपछि भएको हिंसामा १३० भन्दा बढी प्रहरी घाइते भएका छन्।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई गत वर्ष सत्ताच्युत भएयता विचाराधीन दर्जनौं मुद्दामध्ये एक मुद्दामा मङ्गलबार अदालतमा उपस्थित हुने क्रममा पक्राउ गरिएको थियो।

महिनौं लामो राजनीतिक सङ्कटपछि उहाँको गिरफ्तारी भएको हो। पाकिस्तानमा शक्तिशाली भूमिका रहेको सेनाले पूर्व अन्तर्राष्ट्रिय क्रिकेटरलाई उहाँको हत्याको षडयन्त्रमा एक वरिष्ठ अधिकारीको संलग्नता रहेको आरोप लगाएको केही घण्टापछि उहाँलाई पक्राउ गरिएको हो।

खानको पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) पार्टीका अधिकारीहरूले उहाँलाई पक्राउ गरेपछि समर्थकहरूलाई सडकमा आउन आग्रह गरेका थिए तर प्रहरीले चार जनाभन्दा बढी भेला हुन नपाइने आदेशलाई कडाइका साथ लागू गरिने चेतावनी दिएको छ।

आन्दोलनका लागि पार्टीले गरेको आग्रहसँगै पीटीआई समर्थकहरूले राजधानी इस्लामाबाद, लाहोर र पेशावरसहित देशभरका शहरहरूमा भेला भएर सडक अवरुद्ध गरेका थिए।

# आसियानका नेताद्वारा म्यानमारमा भएको हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त

लाबुआन बाजो, इन्डोनेसिया, २७ वैशाख (रासस/एएफपी)।

दक्षिणपूर्वी एशियाली राष्ट्रहरूले म्यानमारमा जारी हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त गरेका छन्। उनीहरूले देशमा मानवीय सहायता प्रदान गर्ने कूटनीतिज्ञको गाडीमाथि हालै भएको आक्रमणको निन्दा गरेका छन्।

यसै साता इन्डोनेसियामा भएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान)को शिखर सम्मेलनमा भएको वार्तामा जुन्टा शासित म्यान्मारमा भएको राजनैतिक थिचोमिचो प्रति सबैको ध्यान आकृष्ट भएको छ।

आसियानले सङ्कट समाधानका लागि कूटनीतिक प्रयासको नेतृत्व गरेको छ, तर सन् २०२१ मा भएको सैन्य 'कू'ले निम्त्याएको रक्तपात रोक्न अहिलेसम्मका प्रयासअसफल भएका छन्।

आसियानका नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामी म्यानमारमा जारी हिंसाप्रति गहिरो चिन्ता व्यक्त गर्दछौं र मानवीय सहायता र समावेशी राष्ट्रिय संवादको सुरक्षित र समयमै वितरणका लागि अनुकूल वातावरण सिर्जना गर्न सबै प्रकारका हिंसालाई तत्काल अन्त्य गर्न र अनावश्यक बल प्रयोग नगर्न आग्रह गर्दछौं।"

जुन्टाले अन्तरराष्ट्रिय आलोचनालाई बेवास्ता गरेको छ र आफ्ना विरोधीसँग सहकार्य गर्न इन्कार गरेको छ। वर्तमान् सरकारको अपदस्थ सांसदहरू, कू विरोधी समूह 'पिपुल्स डिफेन्स फोर्सेज' र सशस्त्र जातीय अल्पसङ्ख्यक समूह समावेश छन्।

गत महिना विद्रोहीको गढ रहेको एउटा गाउँमा भएको हवाई आक्रमणमा करिब १७० जनाको ज्यान जाने गरी भएको हवाई आक्रमणको विश्वव्यापी निन्दा भएको थियो।

म्यान्मारमा आसियान मानवीय राहतको समन्वय गरिरहेका कूटनीतिज्ञ र अधिकारी चढेका सवारी साधनको एक समूहमाथि आइतबार आक्रमण भएपछि क्षेत्रीय समूहमाथि दबाब बढेको थियो।

सिंगापुर र इन्डोनेसियाले यसअघि म्यान्मारस्थित आफ्ना दूतावासका कर्मचारी पूर्वीशान राज्यमा रहेको, उनीहरूका सवारी साधनमा आगो लागेको तर कुनै क्षति नभएको बताएका थिए।

आसियानका नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामीले आक्रमणको निन्दा गरेका छौं र आक्रमणकारीलाई जवाफदेही बनाउनुपर्छ भन्नेमा जोड दिएका छौं।"

सम्मेलनलाई सम्बोधन गर्दै इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले १० सदस्यीय समूहका सदस्य एकजुट भएमा बढ्दो विश्वव्यापी चुनौतीको सामना गर्न सक्नेमा आफू विश्वस्त रहेको बताउनुभयो।

"एकताको साथ, आसियानले शान्ति र विकास ल्याउन केन्द्रीय भूमिका खेल्न सक्षम हुनेछ," विडोडोले शिखर सम्मेलनको उद्घाटन सत्रमा भन्नुभयो।

# अहिले सबैभन्दा ठूलो चुनौती स्रोतको छ : अर्थमन्त्री महत

काठमाडौँ, २७ वैशाख (रासस)। अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटका लागि स्रोत जुटाउन निकै सकसपूर्ण रहेको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घले बुधबार काठमाडौँमा आयोजना गरेको प्रि-बजेट छलफलमा उहाँले अनिवार्य दायित्व सिर्जना भइसकेका बहुवर्षीय र क्रमागत आयोजनाका लागि समेत स्रोत जुटाउन धौधौको अवस्था रहेकाले नयाँ आयोजनालाई कसरी बजेटमा पार्ने भनेर चुनौती रहेको बताउनुभएको हो।

"हजारौँ आयोजनाको ठेक्का लागिसकेको छ। तर त्यसको स्रोत सुनिश्चितता गर्न समस्या छ। अहिले सबैभन्दा ठूलो चुनौती भनेको स्रोतको चुनौती हो", अर्थमन्त्री महतले भन्नुभयो, "सरकारी राजस्व कम छ। अनुदान र ऋण पनि लक्ष्यअनुसार सङ्कलन हुनसकेको छैन। धेरै ठाउँमा योजना दिनुपर्ने दबाब छ। तर हामीसँग स्रोत कम छ।"

अर्थतन्त्रको दायरा फराकिलो बनाउन लगानी बढाउने विषय सरकारको प्राथमिकतामा रहेको पनि अर्थमन्त्री महतको भनाइ छ। "लगानीलाई सहज बनाउनुको विकल्प छैन। जति लगानी बढ्छ, त्यति राजस्व बढ्छ। नियम कानुन पालना गरेर सहज रूपमा उद्यम गर्नसक्ने वातावरण तयार पार्न सरकार कटिबद्ध छ", उहाँले भन्नुभयो।

अर्थतन्त्र सुधारका लागि नयाँ अध्याय सुरु गर्नुपर्ने बेला आएको पनि अर्थमन्त्री डा महतले बताउनुभयो। अहिले पुँजीगत खर्च बढाउने र सार्वजनिक खर्च कटौती गर्नतर्फ सरकारको ध्यान केन्द्रत रहेको पनि उहाँको भनाइ छ।

मौद्रिक नीतिको समीक्षामार्फत् ब्याजदर घटाउनेलगायत केही काम गर्न सकिने तथा विभिन्न क्षेत्रमा नीतिगत सुधार (पोलिसी इन्टरभेन्सन) आवश्यक पनि महतले उल्लेख गर्नुभयो।

आगामी आर्थिक वर्षको बजेटबारे निजी क्षेत्रका तर्फबाट सरकारलाई सुझाव प्रस्तुत गर्नुहुँदै महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रको संरचनात्मक सुधार आवश्यक रहेको बताउनभुयो। त्यस्तै निजी क्षेत्रको सहकार्यमा आर्थिक सुधारका कार्यक्रम सुरु गर्न सरकारले कत्ति पनि ढिलाइ गर्न नहुने पनि उहाँले बताउनुभयो।

"भारत, चीन, रुवान्डा, बङ्गलादेशजस्ता मुलुकमा गरिबी तीव्र रूपमा घट्नुको कारण भनेको निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउनु हो", ढकालले भन्नुभयो, "अब आउने नीतिले त्यो आँट गर्नुपर्छ। हामी यत्तिकै बस्यौँ भने अर्थतन्त्रमा सुधार हुँदैन।"

अर्थतन्त्र सुधारको प्रयास मौद्रिक नीतिको चौँथो त्रैमासिक समीक्षा, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिमार्फत् गरिनुपर्ने सुझाव ढकालको छ।

स्वदेशी तथा विदेशी लगानीलाई बढाउन जरुरी रहेको पनि उहाँले बताउनुभयो। "अहिलेको हाम्रो प्राथमिकता भनेको स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु पनि हो। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ल्याउने, एकद्वार केन्द्र स्थापना गर्नेलगायतका काम गर्दा पनि लगानी बढ्न सकेको छैन। यसबारे सरकार गम्भीर हुन जरुरी छ", अध्यक्ष ढकालले भन्नुभयो।

कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले उत्पादन र रोजगारीलाई केन्द्रमा राखेर बजेट ल्याइनुपर्ने बताउनुभयो। आन्तरिक उत्पादन बढाएर आत्मनिर्भर अर्थतन्त्र स्थापना गर्न सकेमा मात्रै त्यो दिगो हुने उहाँको भनाइ छ।

# सरकारले राम्रा काम मात्रै गर्छ : प्रधानमन्त्री दाहाल

काठमाडौँ, २७ वैशाख (रासस)। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले नराम्रो काम नगर्ने बताउनुभएको छ।

वामपन्थी नेता निर्मल लामाको २३औँ स्मृति दिवसको अवसरमा बुधबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सरकारले राम्रो काम मात्रै गर्ने र नराम्रो कामा गर्दै नगर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सामाजिक रुपान्तरणका निम्ति सामाजिक न्याय, सुशासन र समृद्धिको यात्रालाई नयाँ ढङ्गले सुरु गर्ने अठोटका साथ अगाडि बढेका छौँ।"

सो अवसरमा उहाँले निर्मल लामासँगका आफ्ना विगतका स्मरणबारे चर्चा गर्नुभएको थियो। उहाँले भन्नुभयो, "उहाँहरूलाई नै हेरेर हामी आन्दोलनमा लागेको हो। लामाजीसँगका थुप्रै प्रसङ्ग बाँकी छन्।" उहाँले अहिले नयाँ परिस्थिति बनेको बताउँदै सामाजिक रुपान्तरणका निम्ति सामाजिक न्याय, सुशासन र समृद्धिको यात्रालाई नयाँ ढङ्गले सुरु गर्ने अठोटका साथ अगाडि बढेको स्पष्ट गर्नुभयो।

प्रधानमन्त्री दाहालले सामाजिक न्याय, सुशासन र समृद्धिका निम्ति इमान्दार क्रान्तिकारी, बुद्धिजीवी, नागरिक समाजलगायत आम श्रमिक जनसमुदायको साथ र सहयोग हुने विश्वास व्यक्त गर्दै त्यसका लागि सबैमा अपिल पनि गर्नुभयो।

उहाँले भन्नुभयो, "सुशासनका निम्ति हामी गम्भीर भएर जे अठोटका साथ अगाडि बढेका छौँ। लामाजीलाई सम्झँदै गर्दा उहाँको इमान्दारिता, क्रान्ति निष्ठा, सरलता र पारदर्शी हाम्रा लागि प्रेरणा बन्ने विश्वास व्यक्त गर्न चाहन्छु।"


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं।

**चट्याङ पर्ने संभावना भएको बेला**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोवाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*